कृषि तालिम केन्द्र, भण्डारा, चितवन

त्रैमासिक बुलेटिन

सातौं वर्ष • अंक ४ • वैशाख-असार २०८३

संरक्षक
पवन सिंह भण्डारी

सम्पादक
संगम घिमिरे

विशेष सहयोगी
सन्जीता देवी सुनुवार
कमला आचार्य
राम कुमार चौधरी
लक्ष्मी थापा

प्रकाशक
कृषि तालिम केन्द्र,
चितवन।

सम्पादकीय

असार १५ नेपाली कृषि संस्कृति, कृषकको श्रम र धानखेतीसँग गहिरो सम्बन्ध जोडिएको विशेष दिन हो। राष्ट्रिय धान दिवसका रूपमा मनाइने यस अवसरले खेतमा पसिना बगाउने कृषकप्रति सम्मान व्यक्त गर्नुका साथै कृषि हाम्रो जीवन, अर्थतन्त्र र खाद्य सुरक्षाको आधार भएको सन्देश दिन्छ। हिलोमा रोपिएको धानको बेर्नासँगै किसानले समृद्धिको सपना रोपेका हुन्छन् र यही श्रमले देशको भान्सा र भविष्य धानेको छ। आज कृषि क्षेत्र जलवायु परिवर्तन, बढ्दो उत्पादन लागत, श्रमिक अभाव तथा कमजोर बजार व्यवस्थापनजस्ता विभिन्न चुनौतिसँग जुधिरहेको छ। यस्ता चुनौतीहरुबीच कृषि क्षेत्रलाई परम्परागत अभ्यासमा सिमित नराखि आधुनिक प्रविधि र उद्यमशीलतासँग जोड्नु आजको आवश्यकता हो। कृषिको दिगो विकासका लागि उत्पादनसँगै मूल्य अभिवृद्धि, बजारीकरण र कृषकको क्षमता अभिवृद्धिमा समान रूपमा ध्यान दिनुपर्ने देखिएको छ। यसै सन्दर्भमा यस कृषि तालिम केन्द्रले कृषक, युवा तथा कृषि व्यवसायमा आबद्ध सरोकारवालाहरुका लागि विभिन्न सीपमूलक तथा व्यवहारिक तालिम कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। चालु आ.व. को चौथो त्रैमासिक अवधिमा सञ्चालित विभिन्न कृषकस्तर तालिमको मार्फतबाट यस केन्द्रले निरन्तरुपमा व्यवसायिक कृषि सम्बन्धी ज्ञान, सीप प्रदान गर्ने र उन्नत कृषि प्रविधिको प्रचार प्रसार गर्ने सिलसिलामा महत्वपूर्ण भूमिका निर्वाह गरिराखेको छ।

यसभित्र

- कृषकस्तर व्यवसायिक च्याउ खेती तालिम .....
- कृषकस्तर अमिलोजात फलफूल खेती तालिम .....
- कृषकस्तर व्यवसायिक पुष्प खेती तालिम .....
- कृषकस्तर कृषि मेशीनरी मर्मत तथा सम्भार तालिम .....
- कृषकस्तर फलफूल तथा तरकारी प्रशोधन सम्बन्धी तालिम .....

कृषकस्तर व्यावसायिक च्याउ खेती तालिम

च्याउ खेतीलाई आयआर्जन, स्वरोजगार तथा कृषि उद्यमशीलतासँग जोड्दै कृषकहरूको प्राविधिक ज्ञान र व्यवहारिक सीप अभिवृद्धि गर्ने उद्देश्यले कृषि तालिम केन्द्रको आयोजनामा मिति २०८३/०२/०५ गतेदेखि २०८३/०२/१० गतेसम्म कृषि तालिम केन्द्र, भण्डारा मा कृषकस्तर व्यवसायिक च्याउ खेती तालिम सञ्चालन गरिएको थियो । तालिममा कन्य च्याउ, गोब्रे च्याउ र ग्यानोडर्मा च्याउ खेतीका लागि आवश्यक वातावरण, बीउ (स्पन) को छनोट, पराल तथा अन्य सामग्रीको तयारी, ब्याग भर्ने विधि, तापक्रम र आर्द्रता व्यवस्थापन, रोग तथा सरसफाइ व्यवस्थापन, उत्पादन संकलन तथा बजार व्यवस्थापनलगायत विषयमा सैद्धान्तिक तथा व्यवहारिक कक्षा सञ्चालन गरिएको थियो । साथै, च्याउ खेतीलाई सानो लगानीबाट व्यवसायिक रूपमा विस्तार गरी आयआर्जनको प्रभावकारी माध्यमका रूपमा विकास गर्न सकिने पक्षमा विशेष जोड दिइएको थियो ।

यस तालिमबाट कृषकहरूमा च्याउ खेतीप्रति व्यवसायिक सोचको विकास हुनुका साथै आधुनिक र वैज्ञानिक तरिकाबाट च्याउ उत्पादन गर्ने ज्ञान तथा सीप अभिवृद्धि भएको अपेक्षा गरिएको छ । तालिमबाट प्राप्त ज्ञानको व्यवहारिक प्रयोगमार्फत कृषकहरूको आयआर्जन वृद्धि, स्वरोजगार सिर्जना तथा कृषि उद्यमशीलता विकासमा सकारात्मक योगदान पुग्ने विश्वास लिइएको छ ।

क्र.सं.	सहभागीको नाम थर	ठेगाना
१	ललित बहादुर थापा मगर	मेलुङ गा.पा.-५, दोलखा
२	सुमन कुमार श्रेष्ठ	बलेफी गा.पा.-१, सिन्धुपाल्चोक
३	डा.प्रविण कुमार मजाकोटी	तारकेश्वर न.पा.-६, काठमाण्डौ
४	ठाकुर दास गिरी	मेलुङ गा.पा.-५, दोलखा
५	प्रविन तामाङ बल	तेमाल गा.पा.-१, काभ्रेपलाञ्चोक
६	उमा अधिकारी वली	कीर्तिपुर न.पा.-५,काठमाण्डौ
७	विनोद विसुन्खे	लिखु तामाकोशी गा.पा.-१, रामेछाप
८	रोमी नेपाली	निलकण्ठ न.पा.-४, धादिङ
९	भवानी भण्डारी	चौरीदेउराली गा.पा.-२,काभ्रेपलाञ्चोक
१०	शिला खड्ड्गी	ललितपुर म.न.पा.-११,ललितपुर
११	राम सिं लामा	रोशी गा.पा.-९, काभ्रेपलाञ्चोक
१२	दिपक वि.क.	निलकण्ठ न.पा.-४, धादिङ
१३	गोविन्द ढुंङ्गेल	कमलामाई न.पा.-९,सिन्धुली
१४	राजन चेपाङ	राप्ती न.पा.-१०, चितवन
१५	रोशन शाक्य	ज्वालामुखी गा.पा.-६, धादिङ
१६	खजी माया चेपाङ	राक्सीराङ गा.पा.-७, मकवानपुर
१७	विकुन्द्र बहादुर कोइराला	मेलुङ गा.पा.-१, दोलखा





कृषकस्तर अमिलोजात फलफूल खेती तालिम

कृषकहरूमा अमिलोजात फलफूल खेती तथा बगैंचा व्यवस्थापनसम्बन्धी प्राविधिक ज्ञान, सीप र व्यवहारिक क्षमता अभिवृद्धि गरी व्यावसायिक फलफूल उत्पादनमार्फत आयआर्जन र आत्मनिर्भरतामा टेवा पुर्‍याउने उद्देश्यले यस केन्द्रको आयोजनामा मिति २०८३/०३/१८ गतेदेखि २०८३/०३/२३ गतेसम्म समशितोष्ण बागवानी केन्द्र, कीर्तिपुर, काठमाडौंमा कृषकस्तर अमिलोजात फलफूल खेती तथा बगैंचा व्यवस्थापन तालिम सञ्चालन गरिएको थियो।

उक्त तालिममा अमिलोजात फलफूलको व्यावसायिक खेतीका आधारभूत पक्षहरू, बिरुवा छनोट, बगैंचा स्थापना, उचित दूरी तथा बिरुवा लगाउने विधि, मलजल तथा सिँचाइ व्यवस्थापन, काँटछाँट, रोग तथा कीरा व्यवस्थापन, फलफूल बगैंचाको संरक्षण तथा उत्पादन वृद्धि गर्ने उपायहरूकाबारेमा सैद्धान्तिक तथा प्रयोगात्मक कक्षा सञ्चालन गरिएको थियो। साथै, स्थानीय हावापानी र भू–परिवेशअनुसार अमिलोजात फलफूल खेती विस्तार गर्ने सम्भावना, बगैंचा व्यवस्थापनका आधुनिक अभ्यासहरु तथा उत्पादनलाई व्यावसायिक रूपमा विकास गर्ने सम्बन्धी आवश्यक आधारभूत पक्षहरूकोबारे समेत जानकारी गराइएको थियो।

यस प्रकारको तालिमबाट कृषकहरूमा फलफूल खेतीप्रति व्यावसायिक सोचको विकास हुनुका साथै वैज्ञानिक बगैंचा व्यवस्थापनमार्फत उत्पादकत्व वृद्धि गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। तालिमबाट प्राप्त ज्ञान र सीपको व्यवहारिक प्रयोगमार्फत कृषकहरूको आयआर्जन वृद्धि, फलफूल खेतीको विस्तार तथा कृषि उद्यमशीलताको विकासमा सकारात्मक योगदान पुग्ने विश्वास लिइएको छ।

क्र.सं.	नाम	ठेगाना
१	सुरज थिङ	हेटौंडा उ.म.न.पा.–१३, मकवानपुर
२	पुरुषोत्तम लामिछाने	थाहा न.पा.–९, मकवानपुर
३	प्रेमलाल कँडेल	राप्ती न.पा.–७, चितवन
४	महेन्द्र रिजाल	राप्ती न.पा.–७, चितवन
५	अनिता बस्नेत (कार्की)	शैलङ गा.पा.–७, दोलखा
६	बुद्ध तामाङ	शैलुङ गा.पा.–७, दोलखा
७	मुना गुरुङ	गौरीशंकर गा.पा.–६, दोलखा

क्र.सं.	नाम	ठेगाना
८	देवराज शिवाकोटी	कालिन्चोक गा.पा.–९, दोलखा
९	पेमा सोनाम तामाङ	गोसाइँकुण्ड गा.पा.–५, रसुवा
१०	रामचन्द्र पौडेल	पाँचखाल न.पा.–९, काभ्रे
११	मिना राई	धुनिवेशी न.पा.–५, धादिङ
१२	आर्यन थापा	गोलन्जोर गा.पा.–१, सिन्धुली
१३	काशीराम थापा	बलेफी गा.पा.–२, सिन्धुपाल्चोक
१४	सुमन तामाङ	हेलम्बु गा.पा.–४, सिन्धुपाल्चोक
१५	साइला तामाङ	जुगल गा.पा.–४, सिन्धुपाल्चोक
१६	खड्क भियाल	गोदावरी न.पा.–१३, ललितपुर
१७	शिवराम लामिछाने	शंखरापुर न.पा.–२, काठमाडौं
१८	गणेश बहादुर स्याङ्तान	कमलामाई न.पा.–१, सिन्धुली





कृषकस्तर व्यवसायिक पुष्प खेती तालिम

फूलखेतीलाई व्यवसायिक रूपमा विस्तार गर्दै कृषकहरू उद्यमशीलता प्रवर्धन मार्फत आयआर्जन, स्वरोजगार अभिवृदि प्रवर्द्धन गर्ने उद्देश्यले यस केन्द्रको आयोजनामा मिति २०८३/०२/१९ गतेदेखि २०८३/०२/२२ गतेसम्म पुष्प विकास केन्द्र, गोदावरी मा कृषकस्तर व्यवसायिक पुष्प खेती तालिम सञ्चालन गरिएको थियो। तालिमको मुख्य उद्देश्य कृषकहरूलाई व्यवसायिक पुष्प उत्पादन, बगैंचा व्यवस्थापन तथा बजारमुखी खेती प्रणालीबारे आवश्यक ज्ञान र व्यवहारिक सीप प्रदान गर्नु रहेको थियो।

तालिममा पुष्प खेतीका लागि उपयुक्त प्रजाति छनोट, नर्सरी स्थापना, जग्गा तयारी, रोपाइँ प्रविधि, मलजल तथा सिँचाइ व्यवस्थापन, गोडमेल, रोग तथा कीरा व्यवस्थापन, कट फ्लावर तथा सजावटी फूल उत्पादन, उत्पादनपश्चात् हेरचाह तथा बजार व्यवस्थापनजस्ता विषयमा सैद्धान्तिक र प्रयोगात्मक दुवै प्रकारका कक्षाहरु सञ्चालन गरिएको थियो। साथै, स्थानीय हावापानी, बजारको माग र उपलब्ध स्रोत–साधनलाई मध्यनजर गर्दै व्यवसायिक पुष्प खेतीलाई कसरी प्रभावकारी रूपमा विस्तार गर्न सकिन्छ भन्ने विषयमा समेत सहभागी कृषकहरूलाई जानकारी गराइएको थियो।

यस तालिमबाट कृषकहरूमा पुष्प खेतीप्रति व्यवसायिक दृष्टिकोण विकास हुनुका साथै आधुनिक प्रविधि र उचित व्यवस्थापनमार्फत उत्पादन र गुणस्तर वृद्धि गर्ने सीप अभिवृद्धि हुने अपेक्षा गरिएको छ । तालिम मार्फत प्राप्त ज्ञान र अनुभवलाई व्यवहारमा उतार्न सकेमा पुष्प खेती गर्ने कृषकहरूको आयआर्जन वृद्धि, स्थानीय रोजगारी सिर्जना तथा कृषि उद्यम विकासको प्रभावकारी माध्यम बन्ने विश्वास लिइएको छ ।

क्र.सं.	नाम थर	ठेगाना
१	चन्द्र कुमारी ठकुरी	कमलामाई न.पा.-१२, सिन्धुली
२	रोसन ढकाल	मण्डनदेपुर न.पा.-२, काभ्रे
३	नवराज गोतामे	नागार्जुन न.पा.-७, काठमाडौं
४	सुनिता थापा	बनेपा न.पा.-९, काभ्रेपलाञ्चोक
५	जानुका न्यौपाने	भिमेश्वर न.पा.-६, दोलखा
६	इश्वरी रावल बानिया	टोखा न.पा.-२, काठमाडौं
७	शर्मिला श्रेष्ठ	गोदावरी न.पा.-१४, ललितपुर
८	सुजता उप्रेती	हेटौंडा उ.म.न.पा.-१२, मकवानपुर
९	कविता भुलोन	गोदावरी न.पा.-१४, ललितपुर
१०	सुरेश कार्की	गोदावरी न.पा.-२, ललितपुर
११	सबिना तामाङ	शिवपुरी गा.पा.-७, नुवाकोट
१२	गिता विसुङ्के (टिर्कुपु)	सुर्यविनायक न.पा.-५, भक्तपुर
१३	प्रभात मोक्तान	नमोवुद्ध न.पा.-५, काभ्रे
१४	अम्बिका कुमारी थापा	चाँगुनारायन न.पा.-५, भक्तपुर
१५	पदम पुतुवार	नागार्जुन न.पा.-७, काठमाडौं
१६	सोभा वस्नेत	भीमेश्वर न.पा.-६, दोलखा
१७	नमिन प्रजापति	भक्तपुर न.पा.-४, भक्तपुर
१८	रविन दंगाल	हेटौंडा उ.म.न.पा.-१२, मकवानपुर





कृषकस्तर कृषि मेशीनरी मर्मत तथा सम्भार तालिम

कृषिमा प्रयोग हुने विभिन्न यन्त्र, औजार तथा उपकरणहरुको सही सञ्चालन, नियमित मर्मत तथा उचित सम्भारसम्बन्धी ज्ञान र सीप कृषकस्तरसम्म पुर्‍याई कृषि कार्यलाई थप सहज, प्रभावकारी र व्यवस्थित बनाउने उद्देश्यले यस केन्द्रको आयोजनामा कृषकस्तर कृषि मेशीनरी मर्मत तथा सम्भार तालिम मिति २०८३/०२/२६ गतेदेखि ३१ गतेसम्म पुष्प विकास केन्द्र, गोदावरीमा सञ्चालन गरिएको थियो । तालिममा कृषकहरूलाई कृषि मेशीनरीको सुरक्षित प्रयोग, सामान्य समस्या पहिचान, नियमित मर्मत–सम्भार, पार्टपुर्जाको हेरचाह, इन्धन तथा लुब्रिकेशन व्यवस्थापनलगायत विषयमा सैद्धान्तिक तथा व्यवहारिक जानकारी प्रदान गरिएको थियो । साथै, कृषि यन्त्रको आयु बढाउने, खर्च घटाउने र कार्यक्षमता कायम राख्ने उपायहरूबारे समेत सहभागीहरूलाई जानकारी गराइएको थियो ।

यस तालिमबाट कृषकहरूमा कृषि मेशीनरीको प्रयोगप्रति आत्मविश्वास अभिवृद्धि हुनुका साथै आवश्यक मर्मत तथा सम्भार आफैं गर्न सक्ने क्षमता विकास भई कृषि कार्यलाई थप सहज, समयमै र लागत प्रभावकारी बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

क्र.स.	सहभागीको नाम	ठेगाना
१	राजु कुमार बस्नेत	हेटौंडा उ.म.न.पा.-१८, मकवानपुर
२	तारा बहादुर पुर्वछाने मगर	कमलामाई न.पा.-५, सिन्धुली
३	दिपक ढकाल	शंखरापुर न.पा.-१, काठमाडौं
४	बिष्णु प्रसाद रिमाल	विदुर न.पा.-३, नुवाकोट
५	बालगंगा देवि कुमर (रावनुद)	दुधौली न.पा.-५, सिन्धुली
६	भरत ढकाल	भरतपुर म.न.पा.-२६, चितवन
७	मुकेश महर्जन	ललितपुर न.पा.-११, ललितपुर
८	सागर पुरी	चाँगुनारायण न.पा.-५, भक्तपुर
९	ज्ञानेन्द्र ठकुरी	मण्डनदेउपुर न.पा.-८, काभ्रेपलाञ्चोक
१०	बाल कृष्ण अधिकारी	पञ्चकन्या गा.पा.-४, नुवाकोट
११	प्रकाश खत्री	मेलुङ गा.पा.-१, दोलखा
१२	जयराम बि.क.	बलेफी गा.पा.-२, सिन्धुपाल्चोक
१३	अनिल कुँवर	धुनिबेशी न.पा.-८, धादिङ
१४	राम चन्द्र गुरुङ्ग	ककनी गा.पा.-५, नुवाकोट
१५	एकिन्द्र प्रसाद ओली	वेलकोटगढी न.पा.-१०, नुवाकोट
१६	राम शरण श्रेष्ठ	हरिहरपुरगढी गा.पा.-३, सिन्धुली
१७	सन्जय लुइटेल	हेटौंडा उ.म.न.पा.-३, मकवानपुर
१८	नवराज पराजुली	पाँचखाल न.पा.-२, काभ्रेपलाञ्चोक
१९	दिनेश लाल श्रेष्ठ	शंखरापुर न.पा.-६, काठमाडौं
२०	नेत्र बहादुर श्रेष्ठ	हरिहरपुरगढी गा.पा.-३, सिन्धुली
२१	शंखडिमा शेर्पा	गौरिशंकर गा.पा.-४, दोलखा
२२	कुमार तामाङ	गोदावरी न.पा.-३, ललितपुर





कृषकस्तर फलफूल तथा तरकारी प्रशोधन सम्बन्धी तालिम

स्थानीय स्तरमा उपलब्ध फलफूल तथा तरकारीको प्रशोधनमार्फत मूल्य अभिवृद्धि गरी कृषकहरूको आयआर्जन वृद्धि गर्ने उद्देश्यले यस केन्द्रको आयोजनामा मिति २०८३/०३/०४ गतेदेखि २०८३/०३/०९ गतेसम्म खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, हेटौंडा मा कृषकस्तर फलफूल तथा तरकारी प्रशोधन तालिम सम्पन्न गरिएको थियो।

तालिममा फलफूल तथा तरकारी प्रशोधनका आधारभूत सिद्धान्त, सरसफाइ तथा गुणस्तर कायम गर्ने विधि, जाम, जेली, अचार, जुस, स्क्वासलगायत विभिन्न प्रशोधित परिकार तयार गर्ने सीप, प्याकेजिङ, भण्डारण तथा प्रशोधित उत्पादनको उपयोगिता सम्बन्धी विषयमा सैद्धान्तिक तथा प्रयोगात्मक कक्षा सञ्चालन गरिएको थियो। साथै, प्रशोधनमार्फत उत्पादनको संरक्षण, नोक्सानी न्यूनीकरण र साना उद्यम विकासका सम्भावनाबारे समेत सहभागीहरूलाई जानकारी गराइएको थियो।

यस तालिमबाट कृषकहरूमा फलफूल तथा तरकारीको प्रशोधनप्रति व्यवहारिक ज्ञान र सीप अभिवृद्धि हुनुका साथै उत्पादनलाई मूल्य अभिवृद्धिसहित बजारमुखी बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ। तालिमबाट प्राप्त ज्ञान र सीपको प्रयोगबाट घरेलु तथा साना उद्यम विकास मार्फत कृषि उद्यमशीलता प्रवर्द्धनमा सकारात्मक योगदान पुग्ने विश्वास लिइएको छ।

क्र.सं.	सहभागीको नाम,थर	ठेगाना
१	प्रलिना घले	रत्ननगर न.पा.-८, चितवन
२	सलिना घले	रत्ननगर न.पा.-८, चितवन
३	अनुस्का घले	राप्ती न.पा.-७, चितवन
४	वृष तामाङ	ककनी गा.पा.-०७, नुवाकोट
५	सृजना घिमिरे सापकोटा	ललितपुर म.न.पा.-२३, ललितपुर
६	विष्णु माया श्रेष्ठ	चाँगुनारायण न.पा.-५, भक्तपुर
७	बादल मान श्रेष्ठ	विदुर न.पा.-०२, नुवाकोट
८	प्रेम कुमार ड्याङजो	लिसंखु पाखर गा.पा.-२ सिन्धुपाल्चोक
९	माधव प्रसाद न्यौपाने	भिमेश्वर न.पा.-०६, दोलखा
१०	कृष्ण कुमार परियार	काठमाण्डौ म.न.पा.-३१, काठमाण्डौ
११	दिप तामाङ	ककनी गा.पा.-०७, नुवाकोट
१२	तिल कुमारी हुमागाँई	बकैया गा.पा.-४, मकवानपुर

क्र.सं.	सहभागीको नाम,थर	ठेगाना
१३	दिलिप गुरुङ	शंखरापुर न.पा.-२, काठमाण्डौ
१४	सविना तामाङ	बलेफी गा.पा.-०७, सिन्धुपाल्चोक
१५	रचना खड्का	बकैया गा.पा.-४, मकवानपुर
१६	जानुका मानन्धर	सुनापती गा.पा.-५, रामेछाप
१७	सजिना पाख्रिन	शंखरापुर न.पा.-२, काठमाण्डौ
१८	जमुना स्याङ्तान	शंखरापुर न.पा.-५, काठमाण्डौ
१९	सुनिता वाईबा	शंखरापुर न.पा.-५, काठमाण्डौ
२०	हरि कृष्ण लागेजू	चाँगुनारायण न.पा.-५, भक्तपुर
२१	तिल कुमारी घले	राप्ती न.पा.-७, चितवन





प्रापक :

नाम :.....

ठेगाना :.....

प्रेषक :

कृषि तालिम केन्द्र
भण्डारा, चितवन, नेपाल
फोन नं. : ०५६-४९४१३८
इमेल : atc@bagamati.gov.np
वेभसाइट : www.abpstc.bagamati.gov.np